## पब्लिक सर्भिस कमिशन सूचना नं. २

यस पब्लिक सर्भिस कमिशनका निमित्त एकजना असिस्टेन्ट सेक्रेटरीको आवश्यकता छ। योग्यताको हकमा ग्राजुएट अथवा २००८ साल ज्येष्ठ ३१ गते अथवा सोभन्दा अघि सुब्बा अथवा सोभन्दा माथिल्लो दर्जा पाई नेपाल सरकारको नोकरीमा बहाल रहेको हुनुपर्छ। अफिसको प्रबन्ध राम्रो मिलाउन सक्नेलाई विशेष ग्राहयकता दिइनेछ नेपाली जातीयता प्राप्त हुनुपर्छ। तलव मासिक मो. रु. २०० पाइनेछ। उम्मेदवारहरूले पब्लिक सर्भिस कमिशनको फाराम नं १ मा वा सोही ढाँचाको फाराममा २००६ साल आषाढ १७ गतेसम्ममा आफ्नो योग्यताको विवरण समेत खोली निम्नलिखित ठेगानामा आवेदन गर्नुहोला बहालवाला जागीरदारले आवेदनपत्र आफ्नो मन्त्रालयमार्फत पठाउनुपर्छ।

सेक्रेटरी

पब्लिक सर्भिस कमिशन, सिंहदरबार नेपाल

## पब्लिक सर्भिस कमिशनको सूचना

पब्लिक सर्भिस कमिशनको सूचना १ बमोजिम लेडी प्रिन्सिपलको पदमा आवेदन गर्ने आखिरी मिति २००६ ज्येष्ठ १५ गते थियो। अब सो अवधि २००६ आषाढ २ गतेसम्म भएको छ।

सेक्रेटरी,

पब्लिक सर्भिस कमिशन

पब्लिक सर्भिस कमिशनका सेक्रेटरी श्री खड्गमान मल्ल २००६ साल वैशाख २ गतेदेखि विहार पब्लिक सर्भिस कमिशनको आफिसको काम अध्ययनको निमित्त काज खटिनु भएकोमा ऐ ऐ २६ गतेदेखि अड्डामा हाजिर भई साबिकबमोजिम आफ्नो काम सम्हाल्नु भएको छ।

सेक्रेटरी

पब्लिक सर्भिस कमिशन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वैशाख , ६ गतेको  नेपाल गजेटमा प्रकाशित भएको परराष्ट्र मन्त्रालयको राहदानीसम्वन्धी विज्ञप्तिको सम्वन्धमा गृहमन्त्रालयबाट पठाइएको स्पष्टीकरण यस प्रकार छ । राहदानी पैलेको झैं वीरगञ्जमा , कन्सुलेटमा , एम्व्यासीमा लिने चलन छँदैछ । त्यसले पनि असुविधा भो भनी जिल्ला जिल्लामा हिन्दुस्तानको बाटो गरी काठमाडौंमा आउनेलाई आफ्ना जिल्ला गोस्वाराको राहदानी पनि मानिने छ । आइडेन्टीटी कार्ड परिचयपत्र ) राख्नेलाई पासपोर्ट चाहिंदैन । वास्तवमा राहदानीको विषयमा अन्तरिम विधान र संधीपत्रअनुसार कायम गर्नलाई यो उपरोक्त दोस्रो कदम हो । चाँडैनै परिस्थिति हेरी राहदानी सवभन्दा सजिलो कुरो गराउने सरकारको मन्सुवा छ ।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।